# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७४/१०/२२ गते

# प्रेस विज्ञप्ति

**विषय: घुस रकम सहित नियन्त्रणमा लिईएको।**

---

जिल्ला कारागार सप्तरीका जेलर नायव सुव्बा कृष्णबहादुर दहालले सो जेलमा रहेको कैदीलाई पायक पर्ने जेलमा सरुवा गरिदिन भनी कैदीको साथीसंग घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय वर्दिवास र इटहरीबाट खटिइ गएको संयुक्त टोलीले निजलाई रु.४०,०००/- (चालिस हजार) घुस वापतको रकम लिइसकेको अवस्थामा राजविराज नगरपालिका वडा नं. -६ मुरलीचौक स्थित चियापसलबाट नियन्त्रणमा लिइ अनुसन्धान कार्य भइरहेको छ ।

(पदमप्रसाद पाण्डेय)
सहन्यायाधिवक्ता एवं प्रवक्ता